नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सिरहा

## सम्पति तथा मालसमानको लिलाम सम्बन्धी शिलबन्दी सूचना

**सूचना नं. ०१-०८२/८३**
(प्रथम पटक प्रकाशित मिति:२०८३/०२/२१)

यस जिल्ला प्रशासन कार्यालय सिरहामा रहेको तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसमान जे-जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा स्क्रयाप (दर्ता नहुने) लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले सात दिन (मिति:२०८३/०२/२७) भित्र लिलाम विक्रीको लागि कायम भएको न्युन्तम मूल्यमा नघट्ने गरी शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना आव्हान गरिएको छ ।

(१) स्क्रयाप लिलाम विक्री गर्ने सम्पत्ति तथा मालसकानको विवरण

| क्र.स | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसमान | खरिद मिति | ब्राण्ड | स्पेस्फिकेशन | न्युन्तम मूल्य |
|---|---|---|---|---|---|
| १ | सवारी नं. स १ झ २७७ भएको ISUZU TROOPER चार पाङ्ग्रे गाडी | २०६२/०४/०२ (यस कार्यालयको दाखिला रेकर्ड अनुसार) | ISUZU TROOPER CAR (चार पाङ्ग्रे) गाडी | इन्जिन नं. 901805 चेचिस नं. JACUBS69G27 - 100814 | १,१३,०००।-(अक्षरेपी एक लाख तेह हजार रुपैया मात्र) |

(२) शिलबन्दी प्रस्ताव (निवेदन) पेश गर्ने तथा खोल्ने स्थान, समय र मिति:
(क) स्थान: जिल्ला प्रशासन कार्यालय, सिरहा। (ख) मिति:२०८३/०२/२७ गते सम्म
(ग)समय: दिनको १२ :०० बजे भित्र
(घ) शिलबन्दी खोल्ने समय: मिति:२०८३/०२/२७ गते दिनको २:०० वजे ।

(३) शिलबन्दी सम्बन्धी प्रस्तावको लागि पेश गर्ने निवेदन यस कार्यालयको वेवसाईट वा कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । निवेदन साथ व्यक्तिको हकमा नागरिकता प्रमाण पत्र, फर्म/कम्पनी/संस्थाको हकमा फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र, आ.व.०८२/८३को कर चुक्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ ।

(४) शिलबन्दी प्रस्ताव खाममा राखी लाह छाप लगाई शिल गर्नुपर्नेछ, शिल नभएको प्रस्ताव स्विकार गरिनेछैन् । साथै खामको माथि स्पष्ट रुपमा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर समेत उल्लेख गर्नुपर्नेछ ।

प्रशासकिय अधिकृत

(५) लिलाम सकार गरेको अंकको ५% ले हुने रकम **कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाको** नाममा रहेको **रा.बा.बैंक सिरहा शाखाको धरौटी खाता नं. २१३०१००१०२०३०००० मा** जम्मा गरेको सक्लै भौचर सहित निवेदन साथ अन्य आवश्यक कागजात संलग्न गर्नु पर्नेछ ।

(६) लिलाम सकार गरेको प्रस्तावमा आफुले सकार गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट रुपले लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ ।टिपेस्ट लगाउन पाइने छैन् ।

(७) प्रस्तावदाताहरु मध्ये अधिक्तम रकम सकार गर्ने प्रथम व्यक्ति, संस्था वा फर्मको प्रस्ताव स्वीकार गरिनेछ तर प्रथम हुने प्रस्तावक सम्झौता गर्न नआएमा क्रमशः दोश्रो, तेश्रो हुने व्यक्ति, संस्था वा फर्मको प्रस्ताव स्वीकार गरिनेछ र सम्झौता गर्न नआउने व्यक्ति, संस्था वा फर्मको धरौटी वापतको रकम जफत गरिनेछ

(८) शिलबन्दी सम्बन्धी प्रस्ताव खोल्दा सम्बन्धीत प्रस्तावदाताहरु वा निवेदक आफै वा आफ्नो आधिकारिक प्रतिनिधिको रोहबरमा खोलिनेछ तर तोकिएको समयमा उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्नेछैन् ।

(९) लिलाम बिक्री हुने सम्पत्ति तथा मालसमान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय खुलेको दिन ११:०० बजे देखि २:०० बजे सम्म जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ । सम्पर्क नं.९७६६३५९५९८

(१०) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसमान सम्झौता भएको मितिले १५ दिन भित्र उठाई लैजानु पर्नेछ ।

(११) लिलाम सम्बन्धी शिलबन्दी प्रस्ताब वा निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगतै कार्यालय खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा पेश गर्न सकिनेछ ।

(१२) तोकिएको म्याद भित्र प्राप्त प्रस्तावहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

(१३) यसमा तोकिएको शर्तहरु यसै बमोजिम हुनेछ, अन्य उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

...........................
प्रमुख